# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्ड:९) पञ्चकन्या, साउन महिना ०१ गते, २०८२ साल (संख्या: ३**

**भाग–२**

**पञ्चकन्या गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८२**

**प्रस्तावना**

नेपालको संविधानको धारा ३४ को उपधारा २ बमोजिम श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको सुनिश्चितता गर्न बाञ्छनीय भएकाले पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि पञ्चकन्या गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराउने उद्देश्यले यो कार्यविधि तयार गरि लागु गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** १. यस कार्यविधिको नाम "पञ्चकन्या गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ " रहेको छ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२.परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले पञ्चकन्या पञ्चकन्या गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले पञ्चकन्या गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले पञ्चकन्या गाउ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "सभा" भन्नाले पञ्चकन्या गाउँपालिकाको सभालाई सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले पञ्चकन्या गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(च) "उपाध्यक्ष" भन्नाले पञ्चकन्या गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यापालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ज) "आर्थिक प्रशासन शाखा प्रमुख" भन्नाले पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यापालिकाको आर्थिक प्रशासन शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(झ) "प्रशासन शाखा प्रमुख" भन्नाले पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यापालिकाको प्रशासन शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(ञ) "राष्ट्रिय रोजगार कार्यक्रम" प्रमुख भन्नाले पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यापालिकाको राष्ट्रिय रोजगार कार्यक्रम प्रमुखलाई सम्झनु पर्दछ।

(ट) "करार कर्मचारी" भन्नाले पञ्चकन्या गाउँपालिकामा करार सेवामा नियुक्ती भएका कर्मचारीहरुलाई सम्झनु पर्दछ।

(ठ) "सामाजिक सुरक्षा कोष" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषलाई सम्झनु पर्दछ।

(ड) "कार्यकाल" भन्नाले कुनै अवकाश वा रोकावट नभई निरन्तर सेवा गरेको अवधि सम्झनु पर्दछ ।

**३.जिम्मेवारी र उत्तरदायित्वः** (१) गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिको कार्यालयबाट तलब भुक्तानी गर्ने गरि करार सेवाका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लैजानु पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको जिम्मेवारी रहने छ।

(२) गाउँ कार्यापालिकाले आफ्ना करार कर्मचारीहरुलाई बार्षिक रुपमा रोजगार दाताले बुझाउनु पर्ने रकम सुनिश्चितता गरि गाउँ सभाबाट विनियोजित गराउनु पर्नेछ।

(३) पञ्चकन्या गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध पञ्चकन्या गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालयले गर्दै जानु पर्नेछ।

(४) पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट कम्तिमा ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरि जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्दछ।

**४. समिति गठनः** (१) करार सेवामा कार्यरत कर्मतारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन देहाय बमोजिमको समिति गरिने छ।

(क) गाउँपालिका अध्यक्षः संयोजक

(ख) गाउँपालिका उपाध्यक्षः सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य

(ङ) राष्ट्रिय रोजगार कार्यक्रम प्रमुखः सदस्य

(च) प्रशासन शाखा प्रमुखः सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) गाउँपालिकामा निरन्तर ३ वर्ष वा सो भन्दा बढी सेवा कार्यकाल पुरा गरेका पञ्चकन्या गाउँ कार्यपालिकाको कार्यालय लाकुरीभञ्ज्याङ तथा वडा कार्यालयमा करार सेवाका कर्मचारीहरुको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सुचिकृत हुने संख्याको यकिन गरी समायावधि पुरा भएका करार कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सुचिकृत गराउदै लैजाने।

(ख) नेपाल सरकारबाट जारी योगदानमा आधारीत सामाजिक सुरक्षा ऐन, सो सँग सम्बन्धित नियमावलि, कार्यविधि, परिपत्र अध्ययन गरी करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने।

(ग) विद्युतिय माध्यमबाट गाउँ कार्यापालिकालाई रोजगार दाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसँग समन्वय गरी सुचिकरण गर्ने वा गराउने।

(घ) अन्य आवश्यक कार्य गर्ने।

**५. थपघट हेरफेर वा संसोधनः** यो कार्यविधिलाई गाउँ कार्यापालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संसोधन गर्न सक्नेछ।

**६. बाधा अड्काउ फुकाउः** यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

**७. खारेजी तथा बचाउः** यो कार्यविधिमा व्यवस्था भएका विषय वा कुराहरु प्रचलित कानुनसँग बाझियमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**आज्ञाले**
**हिराधन राई**
**प्रमुख प्रशासकीय अधिकृत**